# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## प्रदेश नं. १

## स्थानीय राजपत्र

## लिखु गाउँ कार्यपालिकाद्वारा प्रकाशित

| खण्डः- ५ | संख्याः- ०२ | मितिः- २०७८ / ०२ /१८ |
| --- | --- | --- |


## भाग-२

नेपालको संविधानको धारा २२२ वमोजिम गठित गाउँ सभाले धारा २२६ को उपधारा १ र स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ उपदफा ३ को अधिनमा रहि लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधी, २०७८ लिखु गाउँ कार्यपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८**

**नियमावली नं. - ३६**

**प्रमाणिकरण मितिः- २०७८/०२/१०**

**प्रस्तावनाः** स्थानीय स्तरमा लैंगिक हिंसामा परेका तथा प्रभावित व्यक्तिहरुको तत्काल उद्धार, राहत तथा पुनर्स्थापन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरि लिखु गाउँ कार्यपालिकाले यो कार्यविधि मिति २०७८/०२/०९ गतेको बैठकबाट स्वीकृत गरि जारी गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित भएको मितिले लागू हुनेछ।

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा:

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई बुझ्नु पर्छ।

(ख) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले लिखु गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(घ) "गाउँपालिका" भन्नाले लिखु गाउँपालिका सम्झनु पर्दछ।

(ङ) "गाउँ सभा" भन्नाले लिखु गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ।

(च) "कोष" भन्नाले यस कार्यविधिको नियम ३ बमोजिमको लैंगिक हिंसा निवारण कोष सम्झनु पर्दछ।

(छ) "पीडित" भन्नाले लैंगिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ।

(ज) "लैंगिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैंगिक आधारमा हुने शारीरिक, यौनिक, मानसिक, सामाजिक हिंसा सम्झनु पर्दछ।

(झ) "समिति" भन्नाले यस नियमावलीको नियम ६ बमोजिम गठित स्थानीय राहत तथा उद्धार समिति सम्झनु पर्दछ।

(ञ) "प्रमूख प्रशासकीय अधिकृत" भन्नाले लिखु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

## परिच्छेद २
## लैंगिक हिंसा निवारण कोष

३. **कोषको स्थापना** : (१) गाउँपालिकामा लैंगिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिनेछ।

(२) उपनियम १ बमिजिम स्थापित कोषमा देहाय बमोजिमको रकमहरु रहनेछः

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्रप्त रकम,

(ग) गाउँपालिकाबाट विनियिजित रकम,

(घ) अन्य स्थानीय तहबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(च) विदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम।

(३) उपनियम १ बमोजिम स्थापित कोषको रकम कार्यालयको सरकारी खाता रहेको बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

(४) उपनियम २ (च) बमोजिम रकम प्राप्त गर्नु अघि संघीय सरकारको सहमति लिनुपर्नेछ।

(५) कोषको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र कार्यालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

४. **कोषको उपयोग** : (१) कोषको रकम देहाय बमोजिमको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय वा स्वरोजगार गर्नका लागि खर्च हुने रकम अनुदानको रुपमा उपलब्ध गराउन ,

(च) पुनर्स्थापना गराउन,

(छ) लैंगिक हिंसा तथा यौनजन्य दुर्व्यवहारको कसुरबाट पीडितले प्रचलित कानून बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपूर्ति त्यस्तो कसुरदारको कुनै सम्पति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा त्यस्तो क्षतिपूर्ति दिन,

(ज) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडितले तत्काल ब्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

(झ) संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, किशोर किशोरी तथा अपांगता भएका व्यक्तिहरुको अल्पकालिन व्यवस्थापनका लागि अल्पकालिन सेवा केन्द्र सञ्चालनका लागि,

(ञ) हिंसापीडित तथा प्रभावित व्यक्तिका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न,

(ट) पीडितका लागि स्थानीय राहत तथा उद्धार समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिमको अन्य कार्य।

(२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैंगिक हिंसाबाट पीडित महिला, बालबालिका तथा किशोर किशोरी वा लैंगिक हिंसाबाट प्रभावित भई लागूपदार्थको दुर्व्यसनमा फसेका वा सडक बालबालिकालाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

५. **कोषको रकम अन्य प्रयोजनमा उपयोग गर्न नसकिने** : (१) कोषको रकम नियम ४ मा लेखिएको बाहेक अन्य प्रयोजनमा उपयोग गर्न सकिने छैन।

(२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ।

## परिच्छेद ३
## स्थानीय राहत तथा उद्धार समिति

६. **स्थानीय राहत तथा उद्धार समितिको गठन** : (१) लैंगिक हिंसा निवारण सम्बन्धी कार्य तथा कोष व्यवस्थापनका लागि देहाय बमोजिमको स्थानीय राहत तथा उद्धार समितिको गठन गरिनेछः

(क) गाउँपालिकाको उपाध्यक्ष वा निजले तोकेको कार्यपालिका सदस्य : संयोजक
(ख) गाउँपालिकाको अध्यक्षले तोकेको महिला कार्यपालिका सदस्य : सदस्य
(ग) न्यायिक समिति सदस्य मध्ये संयोजकले तोकेको एक जना : सदस्य
(घ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी : सदस्य
(ङ) लैंगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गै.स.स., समाजसेवी वा बुद्धिजिवी मध्ये अध्यक्षले तोकेको एक जना महिला सदस्य : सदस्य
(च) स्थानीय स्तरमा रहेको सूरक्षा निकाय प्रमुख : सदस्य
(छ) लैंगिक हिंसा निवारण विषय हेर्ने शाखा प्रमुख : सदस्य सचिव

(२) उपनियम १ बमोजिम गठित समितिको पदावधी २ वर्षको हुनेछ।

(३) उपनियम २ मा जेसुकै लेखिएको भएता पनि निर्वाचित प्रतिनिधिको कार्यकाल उपनियम २ बमोजिमको पदावधि सकिनु अगावै समाप्त भएमा नयाँ पदाधिकारी चयन गर्न बाधा परेको मानिने छैन।

७. **समितिको काम, कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) लैंगिक हिंसा निवारण सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहबाट स्वीकृत नीति तथा कार्यक्रमको कार्यन्वयनका लागि कोषको रकम उपयोग गर्ने ।

(ख) पीडितको तत्काल राहत, उद्धार तथा पुनर्स्थापनाका लागि राहत, आर्थिक सहयोग तथा अन्य सामग्री उपलब्ध गराउने ।

(ग) लैंगिक हिंसा निवारण सम्बन्धमा तथ्यांक अध्यावधिक गरि सोको आधारमा लैंगिक हिंसा निवारण सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(घ) कोषको उपयोगको अवस्था अनुगमन गर्ने ।

(ङ) स्वरोजगार तथा सीपमूलक तालिम प्राप्त पीडितलाई बिऊ पूँजी प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागू गर्ने ।

(च) लैंगिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय र साझेदारी गर्ने ।

(छ) कोषको बृद्धिको लागि श्रोतको खोजी गर्ने ।

(ज) लैंगिक हिंसा निवारणका लागि स्थानीय स्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(झ) लैंगिक हिंसा निवारण सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

८. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(७) समितिले बैठकमा आवश्यकता अनुसार सार्वजनिक सेवाको कुनै कर्मचारी, पदाधिकारी, विषय बिज्ञ वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय सो समितिको बैठकको अध्यक्षता गर्ने पदाधिकारीले प्रमाणित गर्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद ४
## राहत तथा आर्थिक सहयोग

९. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः** (१) यस कार्यविधि बमोजिम पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको हद तथा आधार बमोजिम उपलब्ध गराइनेछ :

(क) पिडितलाई तत्काल उद्दार गर्नुपर्ने भएमा सवारी साधनको प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैया, बास बस्नुपर्ने भएमा सो वापतको छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाको दरले बढिमा पाँच हजार रुपैया सम्म।

(ख) पिडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचर गर्नुपर्ने भएमा अस्पताल आउदाँजादाँ सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनको प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च बापत प्रतिदिन तीन सय रुपैँया, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नुपर्ने भएमा बढिमा पाँच दिनको बास खर्च बापत प्रतिदिन पाच सय रुपैया र उपचार खर्च समेत गरी बढिमा छ हजार पाँच सय रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च।

(ग) पिडित सगँ कुनै बालबच्चा भए सो का लागि पिडित सरहको खाना खर्च बापततको थप रकम।

(घ) पिडितले कुनै सिपमूलक तालिम प्राप्त गरी स्वरोजगार वा व्यवसाय सञ्चालन गर्न को लागि बस्तुगत तथा नगद अनुदान माग गरेमा प्रति व्यक्ति दश हजार रुपैँया।

(ङ) पिडितलाई कानुनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोसामाजिक विमर्श सेवाको लागि बढिमा पाँच हजार रुपैँया।

(च) पुन:स्थापनाका लागि बढिमा पाँच हजार रुपैँया।

(छ) समितिले तोके बमोजिमको अन्य कार्यको लागि कार्यको प्रकृति हेरी बढिमा पाँच हजार रुपैँया।

(ज) पिडितलाई तत्काल उद्दार, राहत, औषधी उपचार, पुन:स्थापना वा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएको अवस्थामा समिति संयोजकले सो प्रयोजनको लागि कोषबाट बिस हजार रुपैँयामा नबढ्ने गरी तोकेको रकम।

(२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समिति तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

१०. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने** : (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण तथा प्रमाण खुलाई कार्यालयमा निवेदन दिनुपर्ने छ।

(२) उपनियम १ बमोजिम प्राप्त निवेदन जाचँबुझ गर्दा पिडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा समितिले नियम ४ र ९ को अधीनमा रही आवश्यक रकम उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद ५
## विविध

११. **कोषको लेखाङ्कन तथा लेखा परीक्षण** : (१) कोषको लेखाङ्कन प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ।

१२. **आवर्तित (रिभलभिङ्ग) कोष** : यस कार्यविधि बमोजिम स्थापित कोष आवर्तित (रिभलभिङ्ग) कोषको रुपमा रहनेछ।

१३. **प्रतिवदेन पेश गर्ने** : (१) समितिले आफ्ना सम्पुर्ण कार्य प्रगति तथा कोषबाट खर्च भएको रकमको विवरण चौमासिक तथा बार्षिक रुपमा संघ र प्रदेशको महिला तथा बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय र कार्यपालिकामा पेश गर्नु पर्नेछ।

(२) समितिले आफ्नो बार्षिक प्रतिवेदन कार्यपालिका मार्फत् गाउँ सभामा पेश गर्नुपर्नेछ।

(३) समितिले चौमासिक तथा बार्षिक प्रतिवेदन कार्यालयको वेभसाईट मार्फत सार्वजनिक गर्नुपर्नेछ।

१४. **समितिको सेवा सुविधा** : समितिको सेवा सुविधा तथा बैठक भत्ता कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१५. **निर्देशन दिन सक्ने** : (१) संघ तथा प्रदेशको महिला तथा बालबाललिका विषय हेर्ने मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) कार्यपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपनियम १ र २ बमोजिम प्राप्त निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१६. **बाधा अड्काउ फुकाउने** : यस कार्यविधिको कार्यान्व्यनको क्रममा कुनै बाधा पर्न गए कार्यपालिकाले आवश्यक निर्णय गरि बाधा अडकाउ फुकाउन सक्नेछ।

१७. **बचाउ** : यस अघि लैंगिक हिंसा निवारणका लागि भए गरेका सम्पूर्ण कामहरु यसै बमोजिम भएको मानिनेछ।

आज्ञाले

अभय कुमार गुप्ता

प्रमुख प्रशासकीय अधिकृत

मितिः- २०७८/०२/१८